# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, श्रावण २ गते २०८३ साल ( संख्या ०३

## भाग २

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, १ नं प्रदेश नेपाल

हल्दीबारी गाउँपालिकाको बाह◌ै गाउँ सभाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८३ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं ०३

# शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८३

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०४।०२**

**प्रस्तावना**

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र र श्री शिक्षा विकास तथा समन्वय एकाइले स्थानीय तह र विद्यालयगत रूपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षक दरबन्दी तथा राहत अनुदान कोटालाई दरबन्दी मिलान मार्फत जनशक्ती व्यवस्थापन गरी हल्दीबारी गाउँपालिका शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको तेस्रो संशोधन ऐन, २०८० बमोजिम शैक्षिक गुणस्तर अभिवृद्दि गर्न गाउँपालिकाको निर्णय बमोजिम आफ्नो तहको लागि यकीन भएको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने भनी भएको निर्णयलाई प्रक्रियागत रूपमा सरल, सहज र पारदर्शी ढङ्गबाट कार्यान्वयन गर्न तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर गर्न वाञ्छनीय भएकोले, हल्दीबारी गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नामः शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८३ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले हल्दीबारी गाउँपालिका शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको तेस्रो संशोधन ऐन २०८० सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले शिक्षा हेर्ने सम्बन्धित मन्त्रालय सम्झनुपर्छ ।

(घ) "विभाग" भन्नाले शिक्षा हेर्ने विभाग सम्झनुपर्छ ।

(ङ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकार अन्तर्गतको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(च) "एकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय एकाइ सम्झनुपर्छ ।

(झ) "गाउँपालिका" भन्नाले हल्दीबारी गाउँपालिका सम्झनुपर्छ ।

(ञ) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

(ट) "विद्यालय व्यवस्थापन समिति" भन्नाले हल्दीबारी गाउँपालिका शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको तेस्रो संशोधन ऐन, २०८० को परिच्छेद ५को दफा २६ बमोजिम गठन भएको सम्झनुपर्छ ।

(ठ) "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनुपर्छ र सो शब्दले गाउँपालिकाबाट सिर्जित माध्यमिक, निम्न माध्यमिक, प्राथमिक तहको तथा बालविकास दरबन्दीलाई समेत जनाउँछ ।

(ड) "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षक सम्झनुपर्छ ।

(ढ) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा पठनपाठन गराउने शिक्षक सम्झनुपर्छ ।

<u>परिच्छेद-२</u>

## शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. शिक्षक दरबन्दी मिलानः**

शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरिनेछः

(क) नियमावलीले तराइको लागि कायम गरेको शिक्षक विद्यार्थी अनुपातमा उल्लेख भएकोलाई मान्ने ।

(ख) अनलाईन प्रणालीबाट भरिएको शैक्षिक तथ्याङ्क (EMIS) तथा विद्यालयको विद्यार्थी सङख्या र गाउँपालिकाको शिक्षकको मौजुदा अवस्था एवम् आवश्यकता पहिचानको आधारमा लिने।

(ग) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा रहेका पूर्व प्राथमिक तह, प्राथिमक तह (कक्षा १ देखि ५ सम्म) निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म), माध्यमिक तह (कक्षा ९ र १०) र (कक्षा ११ र १२) लाई आधारका रूपमा लिने ।

(घ) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक, निम्न माध्यमिक, माध्यमिक तहको दरबन्दी, राहत अनुदान समेतलाई गणना गर्ने।

(ङ) गाउँपालिकाका कुनै विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या बढी भएमा बढी भएको शिक्षक गाउँपालिकाको पुल दरबन्दीको रुपमा गणना गर्ने।

(च) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तह गरी तीन तहकै मिलान गर्ने साथै आवश्यकता परेको आधारमा विषयगत दरबन्दी मिलान तथा व्यवस्थापन समेत गर्न सक्ने ।

(छ) दरबन्दी तथा विषयगत शिक्षक दरबन्दी मिलान गर्दा दरबन्दी काटिने विद्यालयमा सम्बन्धित विषयको अध्यापन गर्न शैक्षिक योग्यता पुगेका प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तह मध्ये तीनै तहमा शिक्षक नभएमा गाउँपालिकाले शिक्षक व्यवस्थापन गर्न सक्ने ।

(ज) हल्दीबारी गाउँपालिका शिक्षा क्षेत्र व्यवस्थापन गर्न बनेको तेस्रो संशोधन ऐन, २०८० को दफा ५७ को उपदफा ४ बमोजिम कुनै पनि शिक्षकलाई सम्बन्धित विद्यालयमा राखिराख्न उपर्युक्त नभएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम कार्यालयले जुनसुकै समयमा आफ्नो क्षेत्र भित्रको अर्को विद्यालयमा दरबन्दी मिलान गर्न सक्ने ।यसरी मिलान गर्दा तत्कालका लागि खटाइएकै विद्यालयबाट तलबभत्ता उपलब्ध हुनेगरी काज खटाउन समेत सक्ने ।

(झ) माथि जुनसुकै कुरा उल्लेख भएतापनि यदि कुनै विद्यालयमा शिक्षक अभावको कारणले शैक्षिक क्षति हुने देखिएमा वा कुनै शिक्षकको विज्ञता अर्को विद्यालयलाई आवश्यकता भएको देखिएमा गाउँ कार्यापालिकाको निर्णयमा कार्यालयले जुनसुकै समयमा पनि पदाधिकार रहेकै विद्यालयबाट नियमानुसारको तलबभत्ता उपलब्ध गराउने गरी अर्को व्यवस्था नहुन्जेल सम्मको लागि काजमा खटाउन सक्ने।

(ञ) दफा ३ बमोजिम शिक्षकको दरबन्दी मिलान तथा व्यवास्थापन गर्दा वा काम काजमा खटाउँदा सम्बन्धित विद्यालय र शिक्षकको अनुमती लिनु नपर्ने ।

<u>परिच्छेद-३</u>

## दरबन्दी व्यवस्थापन

**४. पुल दरबन्दी सम्बन्धी व्यवस्थाः**

दफा ३ बमोजिम तराईमा ऐन तथा नियमावलीमा तोकिएको शिक्षक विद्यार्थी अनुपातको आधारमा साविक शिक्षा तथा मानव स्रोत विकास केन्द्र (विभाग) ले उपलब्ध गराएको दरबन्दी सङ्ख्या बढी भएमा बढी भएको दरबन्दीलाई  गाउँपालिकाले पुल दरबन्दीको रूपमा राख्ने ।

**५. पुल दरबन्दी अन्यत्र पठाउनेः**

गाउँपालिकाले आफ्नो तहको लागि यकिन भएको दरबन्दी आफ्नो क्षेत्रको एक विद्यालयबाट अर्को विद्यालयमा मिलान गर्ने। त्यसरी मिलान गर्दा अपाङ्गता भएका र गर्भवती महिला शिक्षकलाई सम्भव भएसम्म घरपायक पर्ने गरी स्थानान्तरण गर्ने।

**६. दरबन्दी स्थानान्तरण:**

दरबन्दी/विषयगत दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा कार्यपालिकाको निर्णयमा कार्यालयले दरबन्दीलाई स्थानान्तरण गर्न सक्ने।

**७. विद्यालयमा दरबन्दी वितरण:**

(क) कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा कम्तीमा तीन जना शिक्षक तर विद्यार्थी सङ्ख्या ४० भन्दा कम भएको विद्यालयलाई हाल उपलब्ध भएको दरबन्दी नै उपलब्ध गराउने ।

(ख) कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालयमा न्युनतम ४ जना शिक्षक उपलब्ध गराउने तथा विद्यार्थी सङ्ख्या बढी भएको विद्यालयमा शिक्षक विद्यार्थीको अनुपातको आधारमा थप दरबन्दी उपलब्ध गराउने।

(ग) कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयमा निम्न माध्यमिक तहमा विषयगत दरबन्दी अपुग भएमा वा विषयगत दरबन्दी नरहेको अवस्थामा गाउँपालिकाका तर्फबाट आवश्यक व्यवस्था गर्ने ।

(घ) कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालयमा माध्यमिक तहमा विषयगत दरबन्दी अपुग भएमा वा विभिन्न कारणले विषयगत दरबन्दी कटौती भएर शुन्य दरबन्दी रहेको अवस्थामा गाउँपालिकाका तर्फबाट आवश्यक व्यवस्था गर्ने ।

**८. शिक्षक व्यवस्थापनका आधारहरूः**

(क) पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्दा सम्भव भएसम्म रिक्त रहेको राहत अनुदानलाई स्थानान्तरण गर्ने ।

(ख) राहत अनुदानलाई स्थानान्तरण गर्दा पुल दरबन्दी बाँकी रहेमा रिक्त दरबन्दीलाई स्थानान्तरण गर्ने।

(ग) पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्नुपर्ने विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये दरबन्दी उपलब्ध गराइएको विद्यालयमा स्वेच्छिक रूपमा जान चाहेमा त्यस्ता शिक्षकहरूबाट निवेदन संकलन गरी प्राप्त निवेदन उपर छानबिन गरी स्थानान्तरण गर्न मनासिब देखिएमा स्थानान्तरण गर्ने ।

(घ) दफा ८ (ग) बमोजिम निवेदन नदिएमा शिक्षकको स्थानान्तरण गर्दा क्रमशः राहत, करार र स्थायी शिक्षकलाई नियुक्ति मितिको आधारमा कनिष्ठताको क्रम निर्धारण गरी कनिष्ठबाट स्थानान्तरण गर्ने ।

(ङ) शिक्षकको स्थानान्तरण गर्दा अपाङ्गता भएका, गर्भवती महिला शिक्षकलाई सकेसम्म घरपायक पर्ने गरी स्थानान्तरण गर्ने ।

(च) तर दफा ३ को 'झ' बमोजिमको शिक्षकको हकमा भने विद्यालय र शिक्षकको निवेदन लिइ राख्न नपर्ने।

## <u>परिच्छेद-६</u>
## विविध

**९. दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने समयावधिः**

(क) गाउँपालिकाले शैक्षिक सत्रको अन्तमा वा नयाँ आर्थिक वर्ष शुरु भएको पहिलो चौमासिक भित्र यस कार्यविधिको आधारमा दरबन्दी मिलान तथा व्यवस्थापन गर्न सक्ने ।

**१०. शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्नेः**

यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरू प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रूपमा हाजिर हुनुपर्नेछ।यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकहरूको हकमा तलबभत्ता निकासा नगर्ने र सम्बन्धित शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा सिफारीस गर्न सक्ने ।

**११. आवधिक दरबन्दी मिलान सम्बन्धी व्यवस्थाः**

(१) स्वीकृत मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुनगई दरबन्दी मिलान तथा पुनर्वितरण गर्न आवश्यक देखिएमा गाउँपालिकाले आफ्नो क्षेत्र भित्र आवश्यकता अनुसार अध्ययन गरी दरबन्दी मिलान तथा पुनर्वितरण गर्न सकिनेछ।

**१२. यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।**

**१३. कार्यविधि कार्यान्वयनः**

यो कार्यविधि हल्दीबारी गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपश्चात कार्यान्वयन हुनेछ ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी राजपत्र